## फण्डिङ्ग मोडलका सरोकारवालाहरु

यहाँ ग्लोबल फण्डको देश भित्रको प्रकृयामा महत्वपूर्ण भूमिका भएका सरोकारवालाहरुको सूचि प्रस्तुत गरिएको छ ।

| | |
|---|---|
| १ | **कन्ट्रि कोओर्डिनेटिङ्ग मेकानिज्म (सिसिएम):** सिसिएम तिन रोगहरु सम्बन्धित कार्यक्रमहरु गर्ने बिभिन्न सरोकारवालाहरुको एउटा समिति हो जहाँ सरकारि कार्यालयहरु, निजि क्षेत्र, गैह्र सरकारि संस्थाहरु, रोगबाट संक्रमित र प्रभावित ब्यक्तिहरु, शैक्षिक संस्थानहरु र अन्तरराष्ट्रिय वा बहु राष्ट्रिय बिकासका संस्थाहरुको प्रतिनिधित्व रहेको हुन्छ । |
| २ | **ससिएमका समितिहरु:** प्रभावकारि रुपमा काम गर्नको लागि सिसिएमले प्राय कार्यकारि समिति र प्राबिधिक समितिहरु बनाउदछ । यि समितिहरुले निर्णय गर्ने प्रकृयामा सिसिएमलाई सहयोग गर्दछन । कार्यकारि समिति प्राय अद्यक्ष वा सह अद्यक्ष र उपाद्यक्ष अनि अन्य अधिकृतहरुले बनेको हुन्छ । साथसाथै रोग विशेषको प्राबिधिक सल्लाहकार समुह पनि हुन्छ (उदाहरण मलेरिया को सल्लाहकार समुह) |
| ३ | **सिसिएमको सचिवालय**<br>सिसिएमको दैनिक कृयाकलापहरु सञ्चालन गर्न यसलाई सिसिएमको सचिवालयले सहयोग गर्दछ । सचिवालयले ग्लोबल फण्डसँग समन्वय गर्दछ र सिसिएमको कृयाकलापहरु सञ्चालन गर्दछ । साथै सिसिएमका कागजातहरु र अनुदानसँग सम्बन्धित कागजात तथा दस्तावेजहरु संग्रह गरेर राख्दछ । |
| ४ | **फण्ड पोर्टफोलियो म्यानेजर र कन्ट्रि टिम:** ग्लोबल फण्डले अनुदानको पोर्ट फोलियोको ब्यवस्थापनको लागि भनेर पोर्टफोलियो म्यानेजरलाई जिम्मा दिएको हुन्छ । पोर्टफोलियो म्यानेजर र अन्य प्राबिधिक कर्मचारिहरु मिलेर एउटा कन्ट्रि टिम बन्दछ । सो कन्ट्रि टिमले सिसिएमसँग मिलेर अनुदानको आवेदन र कार्यानवयनको क्रममा निर्देशनहरु प्रदान गर्दछ । |
| ५ | **लोकल फण्ड एजेन्ट (एलएफए):** एलएफएले कन्ट्रि टिमसँग मिलेर कोषको अनुदानको कार्यावयन भन्दा पहिला, कार्यानवयनको क्रममा र कार्यानवयन पश्चात पनि मुल्यांकन गर्दछ । उनिहरु पिआर को लेखाजोखा, अनुदानको प्रगतिको समिक्षा, र कोषको सहयोगको सदुपयोग लगायतको कार्य गर्न खटाइएका हुन्छन । |
| ६ | **रोग विशेषका राष्ट्रिय कार्यक्रम:** कोषको आवेदन एचआइभि, टिबि र मलेरियाका राष्ट्रिय रणनिति ररवा लागानिका मामिलाहरुमा आधारित हुनु पर्छ । यसले राष्ट्रिय कार्यक्रमहरुले (आफ्ना मातहतका निकाय वा सेवा प्रदायक संस्थाहरु) अनुदानको कार्यक्रमहरुलाई सञ्चालन गर्न, रणनैतिक सूचनाहरु संकलन गर्न, कृयाकलापहरुको लागत निकाल्न वा सह बित्तको लागि श्रोतको खोजि गर्ने जस्ता कृयाकलापमा सहभागि गराउछ । |
| ७ | **स्वास्थ्य मन्त्रालय र राष्ट्रिय एड्स कार्यक्रम:** स्वास्थ्य मन्त्रालय वा एचआइभि को हकमा राष्ट्रिय एड्स कार्यक्रमले सिसिएमको पाटो भएर वा सदस्य भएरनै देशको तिन वटा रोगको रणनितिहरु बनाउने र लगानिका मामिलाहरुको पहिचान गर्ने कार्य गर्दछ । |
| ८ | **अन्तरराष्ट्रिय संस्थाहरु:** WHO, UNAIDS जस्ता बिकासका अन्तरराष्ट्रिय संस्थाहरु, अन्य द्विपक्षीय |

| | |
|---|---|
| | दाताहरु सिसिएमको सदस्य हुन्छन र यिनिहरुले देशको कार्यक्रममा प्राय प्राबिधिक सहयोग पुर्‍याईरहेका हुन्छन । |
| ९ | **कार्यक्रम कार्यानवयनकर्ता:** अवधारण पत्र पेश गर्नु भन्दा पहिले सिसिएमले मुख्य ग्राहि (प्रिन्सिपल रेसिपिएन्ट) आर्थात पिआरको चयन गर्दछ । पिआरलेनै कोषको अनुदानको कार्यानवयनमा नेतृत्व लिन्छ । पिआर सरकारि वा गैह्र सरकारि संस्थामा जुनसुकै पनि हुन सक्छ । कोषको आवेदनमा पहिचान गरिएको कार्यानवयनको खाका अनुसार पिआरले सह ग्राहि (सब रिसिपिएन्ट) अर्थात एसआरहरु को चयन गरी अनुदानको बिभिन्न घटकहरुको कार्यानवयनको लागि संलग्न गराउदछ । |
| १० | **नागरिक समाज, सामुदायिक समुहहरु र मुख्य समुहहरु:** नागरिक समाज, सामुदायिक समुहहरु र मुख्य समुह को सञ्जालहरु, रोगले संक्रमित र प्रभावित व्यक्तिहरुको प्रतिनिधित्व गर्ने संस्थाहरु लगायतले फण्डिङ्ग मोडलमा महत्वपूण भुमिका खेल्न सक्छन । उनिहरुको सिसिएममा प्रतिनिधित्व छ र संचालन भइरहेको कन्ट्रि डायलगमा पनि अर्थपूर्ण सहभागिता देशको लागि मजबुत रणनिति र कार्यक्रमहरु बनाउनको लागि आवस्यक छ । |
| ११ | **प्राबिधिक सहायता प्रदायक:** देश भित्र कार्यक्रमहरुको प्रभावकारिता पक्का गर्न अनि नागरिक समाज, समुदाय र मुख्य समुहहरुलाई ग्लोबल फण्डको प्रकृयाहरुमा वा उनिहरुसँग सम्बन्धित रोगका कार्यक्रमहरुमा संलग्न गराउन प्राबिधिक सहयोग प्रदान गर्दछन । यस्तो खालको प्राबिधिक सहयोग प्रदान गर्नेहरुमा UNAIDS, French 5% and USAID पर्दछन । |